## रिसाइकल गर्ने प्रक्रिया

प्लास्टिकबाट बनेका प्याकेटका खोलहरू आदि तथा प्लास्टिकले बनेका सामानहरू निम्न तरिकाबाट रिसाइकल गरिन्छ |

**सङ्कलन गरिएको प्लास्टिक**





**मध्यवर्ती प्रशोधन स्थलमा छान्ने, थिच्ने, प्याक गर्ने र भण्डारण गर्ने**



मानिसको हातबाट छान्ने काम हुन्छ |

प्लास्टिकबाट बनेका प्याकेटका खोलहरू

प्लास्टिकबाट बनेका सामानहरू

**जनकल्याण संस्था जापान प्याकेटका खोलहरू रिसाइकल संघलाई हस्तान्तरण गरेर नवीकरणीय रेजिन आदिमा पुनार्त्पादन गर्ने**

स्रोत: जापान प्याकेट तथा खोलहरू रिसाइकल संघ




नवीकरणीय रेजिन



प्यालेट



कोकसु



प्लास्टिकबाट बनाइएको बार



गमला



गाडी रोक्ने


**रिसाइकल कम्पनीले प्रशोधन गरेपछि निम्न सामाग्रीहरूमा परिणत हुन्छ |**

- ब्लास्ट फर्नेस कच्चा पदार्थ उत्पादन, कोकसु ब्लास्ट फर्नेस कच्चा पदार्थ उत्पादन, ग्यासिफिकेशन, आयलिफिकेशन
- ठोस इन्धन (RPF)
- विद्युत उत्पादन (थर्मल रिसाइकल) आदि

*फोहोर टाँसिएको वा मिसावट धेरै भएमा स्रोतको रूपमा पुन: प्रयोग गर्न नसकिने पनि हुन सक्छ |

### सङ्कलन गर्न नसकिने वस्तु

- ○हलुका धोएपनि गन्ध र फोहोर नजाने वस्तु
- ○घरेलु चिकित्सा आदिमा प्रयोग भएका प्लास्टिक सामान
- ○प्लास्टिक बोटल नजिकको स्टेशनमा राख्नुहोस् |
- ○धातुका टुक्राहरू तथा ब्याट्री (मोबाइल ब्याट्री आदि) जोडिएको प्लास्टिकका सामानहरू जलाउन नमिल्ने फोहोरमा राख्नुहोस् |
- ○धारिलो वस्तु जोडिएको प्लास्टिकका सामानहरू



*जबर्जस्ती निकाल्ने आदि गर्दा चोटपटक लाग्न सक्ने भएकोले ननिकाल्नुहोस् |

City of Kita किता कु सफाइ कार्यालयको सूचना

# हामी प्लास्टिकको रिसाइकल गर्ने गर्दछौं।



# प्लास्टिक फोहोरबाट स्रोतको रूपमा

**रेइवा ४ (२०२२) साल १० महिनादेखि ताकिनोगावा क्षेत्रमा अग्रिम कार्यान्वयन**

**रेइवा ५ साल ४ महिनादेखि ओजी तथा आकाबाने क्षेत्रमा कार्यान्वयन**

किता कु ले रेइवा ३ (२०२१) साल ६ महिनामा 「किता कु जेरो कार्वन सिटी घोषणा」 गर्ने कुरा व्यक्त गर्यो | यो घोषणा २०५० साल सम्ममा कार्वनडाइअक्साइड उत्सर्जन दर शुन्य ( कार्वन न्युट्रल ) को उद्देश्य लिई डिकार्बोनाइजेशन समाजमा परिवर्तन गर्न सम्पूर्ण शक्ति लगाएर काम गर्ने भन्ने घोषणा हो | 「अहिले हामीले गर्न सक्ने कुरा」 मध्ये एउटा भनेको प्लास्टिकलाई [स्रोत] को रूपमा सङ्कलन गरेर मध्यवर्ती प्रशोधन पछि स्रोतको रूपमा पुन: प्रयोग गर्नु हो | सम्पूर्ण वडाका बासिन्दाहरूले सहयोग गर्नुहुन अनुरोध गर्दछौं |

होमपेजमा पनि राखिएको छ |

| सोधपुछ गर्ने | | | |
|---|---|---|---|
| | ○ओजी तथा आकाबाने क्षेत्रमा बस्नुहुने व्यक्ति | किता कु सफाइ कार्यालय | ०३-३९१३-३१४१ |
| | ○ताकिनोगावा क्षेत्रमा बस्नुहुने व्यक्ति | ताकिनोगावा सफाइ कार्यालय | ०३-३८००-९१९१ |

[स्रोत]

# प्लास्टिक प्रयोग भएको सामान

➡ फोहोर सङ्कलन स्थल अथवा तोकिएको स्थानमा **बिहान ८ :०० बजे**सम्ममा बाहिर राख्नुहोस् ।

## प्लास्टिकबाट बनेको प्याकेट तथा खोलहरू

*फोम स्टिरोल ट्रेहरू आधार सङ्कलन स्थलहरूमा पनि सङ्कलन गरिन्छ । सहयोग गर्न अनुरोध गर्दछौं ।

### बोटल, बिर्को समुह




●खाने तेल, सस, चुचु, त्याक्टिक एसिड पेय पदार्थ आदिको भाँडा, साबुन, स्याम्पु, रिन्ज, मेकअप सामानको भाडा, प्लास्टिकको लेबल तथा बिर्को आदि

### कप, प्याकेट समुह



●कप रामेनको भाँडा, पुरिन, जेली आदिको कप, फलफूल, हामु आदिका प्याकेट, बेन्तो ,तोफु आदिका भाँडा

### बाकस समुह



●दैनिक उपभोग्यका सामानहरू, औषधि, मेकअप सामानका बाकसहरू, प्लास्टिकबाट बनेका बाकसहरू
*बाकस आदिको भित्रको पत्र (कागजबाट बनेको) पुरानो कागज सङ्कलन स्थलमा लग्नुहोस् ।

### ट्रे ( पिलेट आकारको भाँडा ) समुह



●अतिरिक्त खानाहरू, काँचो खाद्य वस्तुहरू, शुशी आदिका ट्रेहरू
*स्न्याक्सहरू, नोरी, फ्रिज गरिएका खानाहरू छुट्याइएको भाँडाहरू

### खाद्य सामग्री तथा दैनिक उपभोग्य वस्तुका खोलहरू




●पाउरोटी, स्न्याक्सहरू, रेडिमेड खानाका खोलहरू, काँचो खानेकुराहरू, कम्बिनी बेन्तो आदिको खोलहरू, प्लास्टिक झोला तथा दैनिक उपभोग्य सामग्रीहरू बेर्न प्रयोग गरिएका प्लास्टिक सिटहरू

### ट्युबहरूको समुह




●मायोनेज, टोमाटो केचप, वासाबी र खारासी, टुथपेस्ट, मेकअप सामान आदिका ट्युबहरू
*प्रयोग गरेर सकेपछि हलुका पानीले पखाल्नुहोस् ।

### फोम स्टिरोल आदि



●फोम स्टिरोल तथा सिट, फलफूल, प्याज आदि राखिएको जालीको कुशन सामग्रीहरू आदि

### प्लास्टिकबाट बनेको सामान



●रूलर, डस्ट प्यान, बाल्टिन, पानीको भाँडो, प्लास्टिक मात्र भएको हेन्गर, टुथब्रश, कप, प्लास्टिक बट्टा, टिफिन बक्स, CD, र DVD का बट्टाहरू,

*हल्का पानीले पखालेपनि नगएको भाँडा जलाउने फोहोरमा राख्नुहोस् ।
*प्लास्टिकको सामान ३०cm भन्दा लामो वस्तु ठूलो फोहोर ( सशुल्क. निवेदन दिनु पर्ने )

## प्लास्टिक प्रयोग गरिएको सामान वर्गीकरण गर्ने तरिका (छुट्याउने तरिका)

शुरुवात → के यो सबै प्लास्टिकबाट मात्र बनेको हो ?
- हो → भित्रको चिज, फोहोर टाँसिएको छ ?
  - हो → भित्रको चिज, फोहोर निकाल्नु भयो ?
    - हो → प्लास्टिक
    - होइन → भित्रको चिज बाँकी भएको, फोहोर निकाल्न नसकेकोलाई जलाउने फोहोरमा फाल्नुहोस् ।
  - होइन → प्लास्टिक
- होइन → जलाउने फोहोर, नजलाउने फोहोर, ठूलो आकारको फोहोर प्रत्येकलाई छुट्याएर फाल्नुहोस् ।




## प्लास्टिकको प्रयोग भएको सामान फाल्ने तरिका

भित्रको सबै चिज प्रयोग गर्नु (बाँकी नराखिकन खाने )



फोहोर नभएको प्लास्टिक सामान सङ्कलन झोलामा त्यतिकै राख्ने ।

फोहोर निकाल्ने



बाँकी भएको पानीले पखाल्ने अथवा पुछ्ने (तेल केही मात्रामा बाँकी भएपनि ठिक छ । )

सङ्कलन झोलामा राख्ने







## स्रोतको रूपमा पुन: प्रयोग गर्नको लागि सहयोग गर्नुहोस् ।

「अलि मिहेनत थपेर」 लाई मन्त्र बनाई सकेसम्म फोहोर निकालेर रिसाइकल गर्नु हुन अनुरोध गर्दछौं ।

मायोनेज र टुथपेस्ट आदिका ट्युबहरू आधा गरेर काट्दा पखाल्न सजिले हुन्छ ।



फोहोर निकाल्नै नसकिने वस्तुलाई जलाउने फोहोरमा राख्नुहोस् ।



**फोहोर छान्ने प्रक्रियामा बाधा पुग्ने भएकोले झोला दोब्बर नराख्नुहोस् ।**

*उद्योग व्यवसायबाट फालिएको प्लास्टिक सङ्कलन गर्न सकिंदैन । व्यवसायी आफैंले उचित तरिकाबाट प्रक्रिया गर्नुपर्ने कानूनले तोकेको छ ।